# प्राकृतिक विपत्तिबाट उत्पन्न प्रतिकूलताका बीच मुलुकको आर्थिक उन्नति र स्थायित्वमा योगदान पुऱ्याउने नेपाल राष्ट्र बैंकको प्रतिबद्धता*



१. वैशाख १२ गते दिउँसोदेखि गएको विनाशकारी भूकम्पबाट मुलुकमा हुन गएको क्षतिको विस्तृत विवरण आउन केही समय लाग्ने भएता पनि प्रारम्भिक सूचनाको आधारमा यस भूकम्पबाट धेरै नै मानवीय तथा आर्थिक क्षति हुने देखिएको छ। भूकम्पका कारण दिवंगत हुनेहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

२. यस विनाशकारी भूकम्पको कारण देशका विभिन्न सरकारी र निजी भौतिक संरचनामा क्षति पुगेको छ। भत्केका संरचनाहरुको पुनर्निर्माणमा ठुलो धनराशी खर्च हुने देखिएको छ भने यसबाट देशको आर्थिक विकासमा समेत दूरगामी असर पर्ने देखिएको छ। भूकम्पबाट यस बैंकको काठमाडौं उपत्यकास्थित केन्द्रीय कार्यालय, बैकिङ कार्यालय र टक्सार महाशाखा रहेका भवनमा पनि क्षति पुगेको छ। यसबाट यस बैंकको कार्य सम्पादनमा पर्न गएको असरलाई न्यूनीकरण गरी यस बैंकबाट प्रवाह हुने सेवालाई यथावत रुपमा संचालन गर्नेगराउने व्यवस्था मिलाइ सकिएको छ। त्यसैगरी, विभिन्न बैंक तथा वित्तीय संस्थाका भवन लगायतका संरचनामा समेत क्षति पुगेको अवस्था रहेता पनि बैंकिङ क्षेत्रसंगको समन्वयमा विशेष व्यवस्था समेत गरी अत्यावश्यकीय सेवाको रुपमा रहेको बैंकिङ सेवालाई पूर्ववतरुपमा सुचारु गर्ने कार्य भइसकेको छ।

३. आज २०७२ साल वैशाख १४ गते नेपाल राष्ट्र बैंक आफ्नो स्थापनाको ५९ औं वर्ष पुरा गरी ६० औं वर्षमा प्रवेश गरेको छ। देशको केन्द्रीय बैंकको रूपमा स्थापना भएदेखि हालसम्म यस बैंकले मुलुकको समष्टिगत आर्थिक स्थायित्व एवम् आर्थिक विकास हासिल गर्ने दिशामा महत्वपूर्ण भूमिका निर्वाह गरिआएको कुरा सबैमा अवगतै छ। यस अवसरमा बैंकले परिलक्षित गरेका आन्तरिक तथा बाह्य स्थायित्व सम्बन्धी उद्देश्य हासिल गर्न आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने यस बैंकका सम्पूर्ण कर्मचारीहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। साथै, बैंकको कार्य सम्पादनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, सञ्चार माध्यम तथा शुभेच्छुहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु र आगामी दिनमा पनि निरन्तर रूपमा यस प्रकारको सहयोग प्राप्त हुने अपेक्षा गर्दछु।

४. चालू आर्थिक वर्षको हालसम्मको अवधिमा अर्थतन्त्रका समष्टिगत परिसूचकहरूको स्थिति मिश्रित रहेको छ। व्यावसायिक वातावरणमा सुधार भइरहेको तथा निजी क्षेत्रतर्फको कर्जा प्रवाह विस्तार हुँदै गएकोले गैर-कृषि क्षेत्रको वृद्धिदर अपेक्षा गरिए अनुरूप रहने देखिए तापनि वर्षे खेतीका लागि मौसमी अवस्था अनुकूल नहुँदा कृषि क्षेत्रको विस्तारमा केही संकुचन आउने अनुमान रहेको छ। यसका साथै राजनैतिक संक्रमण कायमै रहेको र सरकारको पुँजीगत खर्च गर्ने क्षमतामा पनि उल्लेख्य सुधार नभएका कारण चालू आर्थिक वर्षमा आर्थिक वृद्धि ५.० प्रतिशतको हाराहारीमा रहने देखिन्छ।

---

* नेपाल राष्ट्र बैंकको ६० औं वार्षिकोत्सवको उपलक्ष्यमा गभर्नर डा. चिरंजीबि नेपालले जारी गर्नुभएको वक्तव्यको पूर्ण विवरण।

५. अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावट, विदेशी विनिमयदरमा देखिएको स्थिरता र मौद्रिक योगाङ्कहरूलाई वाञ्छित सीमाभित्र राख्न गरिएका प्रयासहरू समेतका कारण मुद्रास्फीति दर ८.० प्रतिशतको लक्षित सीमाभित्रै रहने देखिन्छ । निक्षेप बोलकबोल जस्तो नयाँ मौद्रिक उपकरण समेतको प्रयोगबाट बैंकिङ्ग क्षेत्रमा देखिएको अधिक तरलता प्रशोचन गरी मौद्रिक स्थिरता कायम गर्ने कार्यमा बैंक निरन्तर लागिरहेको छ । परिणामस्वरूप अल्पकालीन ब्याजदरमा केही सुधार आएको छ । विप्रेषण आप्रवाहको वृद्धिदरमा संकुचन आएकोले बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालनको विस्तारमा केही कमी आएको भए तापनि व्यावसायिक वातावरण सुधारोन्मुख रहेकोले निजी क्षेत्रतर्फको कर्जा प्रवाह बढेको छ । बाह्य क्षेत्रतर्फ आयात बढेका कारण व्यापार घाटामा विस्तार भए पनि रेमिट्यान्स आप्रवाहका कारण चालू खाता र शोधनान्तर स्थिति बचतमा रहेकोले विदेशी मुद्रा सञ्चितिको स्तरमा वृद्धि भएको छ ।

६. अन्तर्राष्ट्रिय आर्थिक गतिविधि सम्बन्धमा विशेष गरी अमेरिकी अर्थतन्त्रमा रोजगारी, घरेलु माग र उपभोक्ताको मनोबल जस्ता महत्वपूर्ण परिसूचकहरू सकारात्मक दिशामा रहेको, पेट्रोलियम पदार्थको मूल्यमा आएको गिरावटका कारण भारतजस्ता उदीयमान मुलुकहरूको मागमा समेत बिस्तार हुने देखिएको र युरो क्षेत्र पनि मन्दीको असरबाट विस्तारै माथि उठ्दै गएकाले विश्वको आर्थिक वृद्धिदर सन् २०१४ को ३.४ प्रतिशत वृद्धिको तुलनामा सन् २०१५ मा सीमान्त दरले बढी ३.५ प्रतिशत पुग्ने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ ।[१] अमेरिकी अर्थतन्त्र सन् २०१४ मा २.४ प्रतिशतले बढेको अनुमान रहेकोमा सन् २०१५ मा ३.१ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ । त्यसै गरी, युरो क्षेत्र सन् २०१४ मा ०.९ प्रतिशतले बढेको अनुमान रहेकोमा सन् २०१५ मा १.५ प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ । सन् २०१४ मा ४.६ प्रतिशतले वृद्धि भएको अनुमान गरिएको उदीयमान र विकासशील देशहरूको अर्थतन्त्र सन् २०१५ मा ४.३ प्रतिशतले मात्र बढ्ने प्रक्षेपण रहेको छ । त्यसै गरी, छिमेकी मुलुक भारत र चीनको आर्थिक वृद्धिदर सन् २०१४ मा क्रमशः ७.२ प्रतिशत र ७.४ प्रतिशत रहेकोमा सन् २०१५ मा क्रमशः ७.५ प्रतिशत र ६.८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । विश्व अर्थतन्त्रमा क्रमिक सुधार हुँदै जाने अनुमानका आधारमा नेपालको निर्यात, पर्यटन, वैदेशिक रोजगारी र विदेशी सहयोग तथा लगानीमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

## समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### वास्तविक क्षेत्र

७. नेपाल सरकार, कृषि विकास मन्त्रालयले गरेको प्रमुख खाद्य बालीहरूको उत्पादनको प्रारम्भिक अनुमान अनुसार चालू आर्थिक वर्षमा धानको उत्पादनमा ५.१ प्रतिशतले र मकैको उत्पादनमा ६.० प्रतिशतले ह्रास आएको छ । समीक्षा वर्षमा प्रमुख कृषि बाली धान तथा मकै लगाउने समयमा मनसुन ढिला सुरु भएका कारण उक्त बालीहरूको उत्पादनमा ह्रास आएको हो ।

८. गत आर्थिक वर्षमा उद्योग क्षेत्रको उत्पादन २.७ प्रतिशत र सेवा क्षेत्रको उत्पादन ६.१ प्रतिशतले बढेकोमा चालू आर्थिक वर्षमा उक्त दुवै क्षेत्रहरूको उत्पादनमा सुधार हुने यस बैंकको प्रक्षेपण रहेको छ ।

९. आर्थिक वर्ष २०७१/७२ को आठ महिनासम्ममा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको सङ्ख्या अघिल्लो वर्षको सोही अवधिको तुलनामा १७.२ प्रतिशतले वृद्धि भई ३ लाख ६४ हजार ७४० पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या १२.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको प्रमुख तीन गन्तव्य मुलुकहरूमा क्रमशः मलेसिया (१ लाख ५२ हजार ८६४), कतार (८४ हजार ९११) र साउदी अरब (६७ हजार ४१९) रहेका छन् ।

### मूल्य स्थिति

१०. आर्थिक वर्ष २०७१/७२ को फागुन मसान्तमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.० प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ८.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य वृद्धिदर ९.५ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहमा ४.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो

१ World Economic Outlook, April 2015.

वर्षको सोही अवधिमा यी समूहहरूको मूल्य सूचकाङ्कमा क्रमशः १०.८ प्रतिशत र ७.१ प्रतिशतले वृद्धि भएको थियो । चालू आर्थिक वर्षको आठ महिनासम्मको औसत मुद्रास्फीति दर ७.२ प्रतिशत रहेको छ ।

११. समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ५.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ८.३ प्रतिशत रहेको थियो । थोक मूल्य सूचकाङ्क अन्तर्गत कृषिजन्य वस्तुहरू तथा स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क क्रमशः ८.४ प्रतिशत र ६.० प्रतिशतले बढेको छ भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क ०.८ प्रतिशतले घटेको छ ।

## सरकारी वित्त स्थिति

१२. आर्थिक वर्ष २०७१/७२ को नौ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ६१ अर्ब ५३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ६१ अर्ब ९७ करोडले बचतमा रहेको थियो ।

१३. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च १६.४ प्रतिशतले वृद्धि भई रु. २६५ अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च २१.५ प्रतिशतले बढेको थियो । चालू खर्चको वृद्धिदरमा केही कमी आएको कारण कुल खर्चको वृद्धिदर अघिल्लो वर्षभन्दा केही कम रहन गएको हो ।

१४. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित चालू खर्च ४.५ प्रतिशतले वृद्धि भई रु. १९४ अर्ब ५० करोड पुगेको छ। चालू खर्च बजेट अनुमानको ४८.८ प्रतिशत मात्र भएको छ ।

१५. समीक्षा अवधिमा सरकारको पुँजीगत खर्च २६.७ प्रतिशतले वृद्धि भई रु. २९ अर्ब ७ करोड पुगेको छ । पुँजीगत खर्च बजेट अनुमानको २४.९ प्रतिशत मात्र भएको छ ।

१६. समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन १५.५ प्रतिशतले वृद्धि भई रु. २९१ अर्ब ४९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारको राजस्व १९.९ प्रतिशतले वृद्धि भई रु. २५२ अर्ब ४१ करोड पुगेको थियो ।

१७. चालू आर्थिक वर्षको चैत मसान्तसम्म आन्तरिक ऋण परिचालन भएको छैन । अघिल्लो वर्षको चैत मसान्तसम्ममा नेपाल सरकारले रु. ९ अर्ब ९३ करोड आन्तरिक ऋण परिचालन गरेको थियो ।

१८. २०७१ चैत मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. ९२ अर्ब ७९ करोड नगद मौज्दात रहेको छ।

## वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति

१९. आर्थिक वर्ष २०७१/७२ को आठ महिनासम्ममा कुल वस्तु निर्यात ६.६ प्रतिशतले घट्न गई रु. ५६ अर्ब ८७ करोडमा सीमित भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात १९.४ प्रतिशतले बढेको थियो । कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको आठ महिनामा २१.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ९.९ प्रतिशतले घटेको छ। चीनतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिमा १२.६ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ९.३ प्रतिशतले बढेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको आठ महिनामा १४.९ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ०.९ प्रतिशतले घटेको छ। भारततर्फ मुख्यतया अलैंची, जिङ्क शिट, जुटका सामान र लत्ताकपडा लगायतका वस्तुहरूको निर्यातमा कमी आएको छ भने चीनतर्फ प्रशोधित छाला, हस्तकलाका सामान, नुडल्स, तयारी पोशाक, लगायतका वस्तुहरूको निर्यातमा वृद्धि भएको छ । त्यसै गरी, अन्य मुलुकतर्फ विशेष गरी तयारी पोशाक, पस्मिना, चिया, तयारी छालाका सामान लगायतका वस्तुहरूको निर्यातमा वृद्धि भएको छ ।

२०. अघिल्लो वर्षको आठ महिनासम्म २७.० प्रतिशतले बढेको कुल वस्तु आयात आर्थिक वर्ष २०७१/७२ को सोही अवधिमा १०.५ प्रतिशतले वृद्धि भई रु. ५०५ अर्ब ९२ करोड पुगेको छ। कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको आठ महिनासम्मको

अवधिमा २८.१ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ५.१ प्रतिशतले वृद्धि भएको छ भने चीनबाट भएको आयात अघिल्लो वर्षको पहिलो आठ महिनासम्म १४.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ४८.६ प्रतिशतको उच्च दरले बढेको छ । त्यसै गरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको आठ महिनाको अवधिमा ३०.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ८.७ प्रतिशतले बढेको छ। भारतबाट मुख्यतया यातायातका साधन तथा पाटपूर्जा, एम.एस.विलेट, चामल, औषधि लगायतका सामानहरूको आयातमा वृद्धि भएको छ । चीनतर्फबाट मुख्यतया अन्य मेसिनरी तथा पाटपुर्जा, दूरसञ्चारका उपकरण तथा पाटपुर्जा, रासायनिक मल, मेडिकलका उपकरण तथा पाटपुर्जा लगायतका वस्तुहरूको आयातमा वृद्धि भएको छ। त्यसै गरी, अन्य मुलुकबाट विशेष गरी चाँदी, हवाइजहाजका पार्टपुर्जा, खाने तेल, कच्चा पाम तेल लगायतका वस्तुहरूको आयातमा वृद्धि भएको छ ।

२१. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १३.१ प्रतिशतले वृद्धि भई रु. ४४९ अर्ब ५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा २८.२ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको व्यापार घाटा अघिल्लो वर्षको आठ महिनाको अवधिमा २९.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७.४ प्रतिशतले वृद्धि भएको छ । चीनसँगको व्यापार घाटा अघिल्लो वर्षको आठ महिनासम्ममा १४.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५०.१ प्रतिशतले बढेको छ । त्यसै गरी, अघिल्लो वर्ष ३३.९ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा १०.७ प्रतिशतले बढेको छ ।

२२. निर्यात घटेको र आयात बढेको कारण चालू आर्थिक वर्षको पहिलो आठ महिनासम्ममा निर्यात-आयात अनुपात ११.२ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १३.३ प्रतिशत रहेको थियो ।

२३. खुद ट्रान्सफर आय अघिल्लो आर्थिक वर्षको आठ महिनामा ३८.५ प्रतिशतले वृद्धि भएको तुलनामा समीक्षा अवधिमा १.३ प्रतिशतले मात्र वृद्धि भई रु. ४२० अर्ब ६६ करोड रहेको छ । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह ४ प्रतिशतले बढी रु. ३७१ अर्ब पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३४.१ प्रतिशतले वृद्धि भएको थियो ।

२४. समीक्षा अवधिमा मुलुकको समग्र शोधनान्तर स्थिति रु. ३५ अर्ब ७ करोडले बचतमा रहेको छ । यस अवधिमा चालू खाता रु. ११ अर्ब ६५ करोडले बचतमा रहेको छ । वस्तु तथा सेवा आयात बढ्नु, अनुदान घट्नु र विप्रेषण आप्रवाह न्यून दरले बढ्नु जस्ता कारणहरूले गर्दा चालू खाता समीक्षा अवधिमा न्यून बचतमा रहन गई शोधनान्तर बचत अघिल्लो वर्षको रु. १०२ अर्ब ८१ करोडको तुलनामा कम रहन गएको हो ।

२५. २०७१ फागुन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति ६.१ प्रतिशतले वृद्धि भई रु. ७०५ अर्ब ७३ करोड पुगेको छ । २०७० फागुन मसान्तमा यस्तो सञ्चिति २२.५ प्रतिशतले वृद्धि भई रु. ६५३ अर्ब ४२ करोड रहेको थियो । अमेरिकी डलरमा भने २०७१ फागुन मसान्तमा कुल विदेशी विनिमय सञ्चिति १.३ प्रतिशतले वृद्धि भई यू.एस.डलर ७ अर्ब ३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १९.३ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७१/७२ को पहिलो आठ महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ११.३ महिनाको वस्तु आयात र ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने देखिन्छ ।

२६. २०७१ असार मसान्तको तुलनामा २०७१ फागुन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.५ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.६ प्रतिशतले अवमूल्यन भएको थियो ।

## मौद्रिक स्थिति, तरलता व्यवस्थापन र ब्याजदर

२७. मौद्रिक नीतिमा उल्लिखित लक्ष्य तथा उपलब्धिहरूको प्रगतिबारेमा समीक्षा गर्ने उद्देश्यले अघिल्लो आर्थिक वर्षदेखि थालनी गरिएको मौद्रिक नीतिको मासिक

समीक्षालाई निरन्तरता दिइएको छ । यसबाट मौद्रिक व्यवस्थापनको कार्य प्रभावकारी हुनुको साथै मौद्रिक नीतिका उद्देश्यहरू हासिल गर्न सहज हुने अपेक्षा गरिएको छ ।

२८. आर्थिक वर्ष २०७१/७२ को आठ महिनासम्ममा विस्तृत मुद्राप्रदाय ८.१ प्रतिशतले वृद्धि भएको छ भने संकुचित मुद्राप्रदाय ७.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय १०.८ प्रतिशतले र संकुचित मुद्राप्रदाय १०.९ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ फागुन मसान्तमा विस्तृत मुद्राप्रदाय १६.२ प्रतिशतले र संकुचित मुद्राप्रदाय १३.५ प्रतिशतले वृद्धि भएको छ ।

२९. समीक्षा अवधिमा सञ्चित मुद्रा ४.८ प्रतिशतले घटेको छ। वार्षिक विन्दुगत आधारमा २०७१ फागुन मसान्तमा सञ्चित मुद्रा १०.९ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्तिको विस्तारमा संकुचन आएकोले २०७१ असार मसान्तको तुलनामा सञ्चित मुद्रा घटेको हो ।

३०. आर्थिक वर्ष २०७१/७२ को आठ महिनासम्ममा निजी क्षेत्रतर्फको कर्जा १२.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ११.१ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ७.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त निक्षेप ९.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरूको निक्षेप क्रमशः ८.७ प्रतिशत र १.८ प्रतिशतले बढेको छ भने विकास बैंकहरूको निक्षेप १.० प्रतिशतले घटेको छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको कर्जा तथा लगानी १०.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ९.७ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूको कर्जा तथा लगानी क्रमशः १२.४ प्रतिशत, १.७ प्रतिशत र ६ प्रतिशतले बढेको छ ।

३१. आर्थिक वर्ष २०७१/७२ को नौ महिनासम्ममा पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत रु. ९५ अर्ब तथा रिभर्स रिपोमार्फत (टर्नओभरको आधारमा) रु. २७३ अर्ब ८० करोडको तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत रु. ३४८ अर्बको तरलता प्रशोचन भएको थियो । चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भए बमोजिम २०७१ भदौ महिनादेखि निक्षेप बोलकबोललाई तरलता प्रशोचन गर्ने नयाँ उपकरणको रूपमा प्रयोगमा ल्याइएको छ ।

३२. आर्थिक वर्ष २०७१/७२ को नौ महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २ अर्ब ५४ करोड खुद खरिद गरी रु. २५१ अर्ब ९ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। समीक्षा अवधिमा अमेरिकी डलर २ अर्ब ६६ करोड बिक्री गरी रु. २६२ अर्ब ५५ करोड बराबरको भा.रु. खरिद भएको छ ।

३३. आर्थिक वर्ष २०७१/७२ को नौ महिनासम्ममा वाणिज्य बैंकहरूले रु. ३२९ अर्ब ५० करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. १६३ अर्ब १४ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले रु. ६ अर्ब ६२ करोडको स्थायी तरलता सुविधाको उपयोग गरेका छन् ।

३४. आर्थिक वर्ष २०७१/७२ को नवौं महिनामा ९१-दिने ट्रेजरी विल र अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर बढेको छ । ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर २०७१ चैतमा ०.६८७० प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ०.६४ प्रतिशत पुगेको छ भने अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ३.८७ प्रतिशत रहेको छ ।

३५. वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७१ फागुनमा ७.५२ प्रतिशत रहेको छ ।

३६. वित्तीय प्रणालीमा उच्च स्तरमा अधिक तरलता कायम रहेकोले अल्पकालीन ब्याजदरहरू न्यून विन्दुमा रहेको, निक्षेपको ब्याजदर घट्ने सम्भावना रहेको र ब्याजदरमा

आउने अनावश्यक उतार चढावले मौद्रिक नीतिका लक्ष्यहरू हासिल गर्ने कार्यमा समेत जोखिम बढ्न सक्ने अवस्था देखिएकोले चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाहरूले कायम गर्नुपर्ने विद्यमान अनिवार्य नगद अनुपात “क” वर्गका लागि ६.० प्रतिशत, “ख” वर्गका लागि ५.० प्रतिशत र “ग” वर्गका लागि ४.० प्रतिशत कायम गरिएको छ ।

## पुनरकर्जा

३७. यस बैंकले मुलुकको आर्थिक वृद्धिमा योगदान पुऱ्याउने उद्देश्यले उत्पादनशील क्षेत्रतर्फको कर्जा प्रवाहलाई उच्च प्राथमिकता दिँदै आएको छ । यस अन्तर्गत तोकिएका उत्पादनशील क्षेत्र (कृषि, जलविद्युत, पशुपंक्षी एवम् मत्स्यपालन व्यवसाय र अन्य तोकिएका क्षेत्र) मा प्रवाह हुने कर्जाको पुनरकर्जा दर ५.० प्रतिशतबाट घटाएर ४.० प्रतिशत कायम गरिएको छ। यस व्यवस्था अन्तर्गत बैंक तथा वित्तीय संस्थाहरूलाई समीक्षा अवधिमा रु. ४ अर्ब ९० करोड १९ लाख साधारण पुनरकर्जा प्रदान गरिएको छ भने निर्यात पुनरकर्जा अन्तर्गत उपलब्ध गराइएको रु. २ अर्ब ९४ करोड ४५ लाख समेत गरी जम्मा रु. ७ अर्ब ८४ करोड ६४ लाख पुनरकर्जा सुविधा उपलब्ध गराइएको छ।

३८. यस बैंकले रुग्ण उद्योगका सम्बन्धमा वित्तीय क्षेत्रबाट हुन सक्ने सुविधा सम्बन्धी कार्यविधि, २०७० तयार पारी कार्यान्वयनमा ल्याएको छ । रुग्ण उद्योगको पुनरुत्थानमा सहयोग गर्न यस बैंकबाट वार्षिक १ प्रतिशत ब्याजदरमा पुनरकर्जा उपलब्ध गराउने र यस प्रकारको पुनरकर्जा सुविधा उपयोग गर्दाको अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले सम्बन्धित ऋणीबाट वार्षिक ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन नपाउने व्यवस्थालाई निरन्तरता दिइएको छ।

## शेयर बजार

३९. समीक्षा अवधिमा शेयर बजारको प्रवृत्ति मापन गर्ने नेप्से परिसूचकमा सुधार आएको छ । नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा १६.० प्रतिशतले वृद्धि भई २०७१ चैत मसान्तमा ९४८.४ विन्दुमा पुगेको छ । धितोपत्र बजार पुँजीकरण वार्षिक विन्दुगत आधारमा २५.९ प्रतिशतले वृद्धि भई २०७१ फागुन मसान्तमा रु. १००४ अर्ब ३ करोड कायम भएको छ। २०७१ फागुन मसान्तमा कायम भएको बजार पुँजीकरणको आर्थिक वर्ष २०७०/७१ को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५२.१ प्रतिशत रहेको छ ।

४०. २०७१ फागुन मसान्तमा कायम रहेको बजार पुँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरू (बीमा कम्पनीहरू सहित) को अंश ७८.२ प्रतिशत रहेको छ भने जलविद्युत क्षेत्रको ६.९ प्रतिशत, होटलहरूको २.७ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.६ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत र अन्यको ९.६ प्रतिशत रहेको छ ।

४१. २०७१ फागुन मसान्तसम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २३२ रहेको छ। २०७० फागुन मसान्तसम्ममा यस्तो संख्या २३५ रहेको थियो । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरू एकआपसमा गाभिएका कारण सूचीकृत कम्पनीहरूको संख्या घटेको हो । सूचीकृत कम्पनीहरूमध्ये १९८ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनीसमेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ६ वटा जलविद्युत् कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

४२. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पुँजी २०७१ फागुन मसान्तमा रु. १५६ अर्ब ५७ करोड पुगेको छ । चालू आर्थिक वर्षको आठ महिनामा रु. ९ अर्ब ११ करोड ५० लाख बराबरको साधारण शेयर, रु. ९५ करोड ९८ लाख बराबरको हकप्रद शेयर र रु. ६ अर्ब ६४ करोड २८ लाख बराबरको बोनस शेयर गरी कुल रु. १६ अर्ब ७१ करोड ७७ लाख बराबरको धितोपत्र सूचीकृत भएका छन् ।

## लघुवित्त तथा ग्रामीण वित्तीय सेवा

४३. नेपाल सरकार, नेपाल राष्ट्र बैंक र अन्तर्राष्ट्रिय दातृ निकाय एवम् गैरसरकारी संस्थाहरूको संलग्नता र सहयोगमा देशका बैंक तथा वित्तीय संस्थाहरू, स्थानीय

गैर-सरकारी संस्था र सहकारी संस्थामार्फत विभिन्न लघुवित्त कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् ।

४४. वि.सं. २०४७ सालमा स्थापना भएको ग्रामीण स्वावलम्बन कोषले स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुनेगरी लक्षित वर्गको आर्थिक एवम् सामाजिक विकास गर्न थोक कर्जा उपलब्ध गराउँदै आएको छ। कोषबाट विपन्न वर्गको आर्थिक उत्थानका लागि प्रतिव्यक्ति बढीमा रु. ९० हजारसम्मको कर्जा सहकारी संस्थाहरू मार्फत उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । उक्त कार्यका लागि नेपाल सरकारबाट हालसम्म जम्मा रु. ५४ करोड र नेपाल राष्ट्र बैंकबाट रु. २५ करोड ३४ लाख प्राप्त भई कोषको कुल बीज पुँजी रु. ७९ करोड ३४ लाख रहेको छ । सो बीज पुँजीबाट कोषले निर्देशिकामा व्यवस्था भएबमोजिम आफूसँग आवद्ध संस्थाहरूलाई सम्बन्धित संस्थाहरूको प्राथमिक पुँजीको आधारमा कर्जा उपलब्ध गराउँदै आएको छ ।

४५. कोषबाट २०७१ साल फागुन मसान्तसम्म ९५४ वटा सहकारी संस्था, ५३ वटा गैर-सरकारी संस्था र कृषि विकास बैंक गरी कुल १,००८ संस्थाहरूलाई रु. १ अर्ब ६६ करोड दीर्घकालीन कर्जा प्रवाह भएको छ। कोषबाट उपलब्ध गराइएको कर्जाबाट गैर-सरकारी संस्थाले २७ जिल्लामा र सहकारी संस्थाले ६८ जिल्लामा सेवा पुऱ्याएका छन् भने कुल ४८,६७९ घरपरिवारले विभिन्न आय तथा स्वरोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरी प्रत्यक्ष रूपले लाभान्वित भएका छन् ।

४६. देशका ग्रामीण क्षेत्रमा कार्यरत सहकारी तथा गैर-सरकारी संस्थाहरूबाट थोक कर्जाको माग बढिरहेको छ। यस प्रकारको मागलाई सम्बोधन गर्ने सिलसिलामा २०७० चैत १ गतेदेखि २०७१ फागुन मसान्तसम्म कोषले १२७ वटा संस्थाहरूको पूर्व-लगानी निरीक्षण कार्य सम्पन्न गरेको छ ।

४७. ग्रामीण स्वावलम्बन कोष र नेपाल सरकारद्वारा सञ्चालित लघु उद्यम विकास कार्यक्रम (MEDEP) बीच समन्वय र सहकार्य गरी उत्पादनमूलक लघु उद्यम/व्यवसायलाई प्रवर्द्धन गर्नेगरी कोषबाट कर्जा प्रवाह हुने व्यवस्था मिलाइएको छ। यसैगरी, शारीरिक अपाङ्गता भएका व्यक्तिहरूलाई स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न कोषबाट कर्जा उपलब्ध गराउने व्यवस्था मिलाउने नीतिअनुरूप कोष सञ्चालन निर्देशिकामा आवश्यक संशोधन गरी त्यस्ता व्यक्तिहरूलाई कोषबाट कर्जा उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

४८. कोष समक्ष कर्जा माग गर्ने सहकारी संस्थाहरूको संख्या वृद्धि हुँदै गएको र यसबाट ग्रामीण तथा विपन्न वर्गका जनताहरूको आर्थिक-सामाजिक स्तरमा सकारात्मक प्रभाव परिरहेको अवस्थालाई दृष्टिगत गरी यसको विद्यमान पुँजीको आधारलाई थप बलियो बनाउनु आवश्यक भएको छ । कोषलाई एउटा छुट्टै राष्ट्रिय लघुवित्त विकास कोषको रूपमा स्थापना गर्ने सम्बन्धमा राष्ट्रिय लघुवित्त विकास कोष ऐनको मस्यौदा तयार गरी स्वीकृतिका लागि नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष पठाइएको छ ।

४९. नेपालको ग्रामीण क्षेत्रमा भइरहेको वित्तीय सेवाको पहुँच र सोको अवस्थाका सम्बन्धमा जानकारी प्राप्त गर्ने मूल उद्देश्यका साथ यस बैंकले मुलुकभरका विभिन्न १५ जिल्लाका १०० गा.वि.स.हरूमा रहेका करिब ५४०० घरपरिवार र ती जिल्लामा रहेका ९५२ बैंक तथा वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई समेत समेटी चौथो ग्रामीण कर्जा सर्वेक्षणको कार्य सञ्चालन हुने क्रममा रहेको छ ।

५०. ग्रामीण क्षेत्रमा वित्तीय पहुँचको माध्यमद्वारा दिगो आर्थिक विकासलाई प्रवर्द्धन गर्न नेपाल सरकार र जर्मन सरकार (German Financial Cooperation with Nepal) बीच द्विपक्षीय विकास सहयोगको विषयमा सहमति भए अनुसार ९ मिलियन युरो ऋण लगानी गर्ने प्रस्तावमा नेपाल राष्ट्र बैंकले On-lending Agent को रूपमा कार्य गर्ने सहमति भएको छ ।

५१. नेपाल सरकार र डेनमार्क सरकारबीच UNNATI-Inclusive Growth Program कार्यान्वयनमा ल्याउने सम्बन्धमा भएको द्विपक्षीय सम्झौता बमोजिम यस बैंकसँगको सहकार्यमा संयुक्त राष्ट्र संघीय पुँजी विकास

कोष (UNCDF) को सहयोगमा आगामी पाँच वर्षका लागि वित्तीय सेवाको पहुँच (Access to Finance) कार्यक्रम सञ्चालनमा ल्याइएको छ । यस परियोजना अन्तर्गत पूर्वाञ्चलका सात पहाडी जिल्लामा मूलतः डेरी, अदुवा, अर्थोडक्स चिया र अलैंची खेतीमा संलग्न करिब १ लाख ५० हजार साना किसानहरूलाई Value Chain Activities मा सहयोग पुग्नेगरी त्यस क्षेत्रमा कार्यरत बैंक तथा वित्तीय संस्थाहरूमार्फत वित्तीय सेवा उपलव्ध गराउने र एक लाख ग्राहकहरूलाई शाखारहित बैंकिङ र मोबाइल बैंकिङ उपलव्ध गराउने लक्ष्य लिइएको छ ।

५२. वित्तीय समावेशीकरणका लागि शाखारहित बैंकिङ र मोबाइल वित्तीय सेवाको प्रवर्द्धन गर्ने उद्देश्यका साथ UNNATI – Inclusive Growth Program परियोजनाकै एउटा प्रमुख अंगको रूपमा Mobile Money for the Poor (MM4P) कार्यक्रम सञ्चालनमा रहेको छ । UNCDF को सहयोगमा सञ्चालित यस कार्यक्रम अन्तर्गत हालसम्म क्षमता अभिवृद्धि गोष्ठी, तालिम, वित्तीय समावेशीकरणका प्रमुख परिसूचकहरूको पहिचान, एजेन्ट बैंकिङका विषयमा सर्वेक्षणजस्ता प्रारम्भिक चरणका विभिन्न कार्यहरू सम्पन्न भएका छन् ।

५३. वि.सं. २०७१ चैत मसान्तसम्ममा नेपाल राष्ट्र बैंकको प्रत्यक्ष नियमन तथा सुपरिवेक्षणमा रही लघुवित्तको क्षेत्रमा कार्य गर्ने ३६ वटा 'घ' वर्गका लघुवित्त विकास बैंक, १६ वटा सीमित बैंकिङ कारोबारको अनुमति पाएका सहकारी संस्था (राष्ट्रिय सहकारी बैंक लि. समेत) र २८ वटा लघुवित्त कारोबारको अनुमति पाएका वित्तीय गैर-सरकारी संस्थाहरू मध्ये २०७० चैत १ गतेदेखि २०७१ फागुन मसान्तसम्म ३३ वटा 'घ' वर्गका, १५ वटा सहकारी संस्थाहरू र ११ वटा गैर-सरकारी संस्थाहरूको स्थलगत निरीक्षण सम्पन्न भएको छ । यसैगरी यस अवधिमा एउटा 'घ' वर्गको लघुवित्त विकास बैंकको विशेष निरीक्षण समेत गरिएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

५४. नेपाल राष्ट्र बैंक र पिपुल्स बैंक अफ चाइनाबिच द्विपक्षीय हिसाब मिलान र सहयोग सम्बन्धी पूरक सम्झौतामा हस्ताक्षर भएको छ । सोबाट नेपाल र चीनबिच हुने व्यापारको भुक्तानीमा चिनिया मुद्राको प्रयोगमा सहजता ल्याउन सहयोग पुगेको छ । यसबाट चीनसँग हुने आयात/निर्यात व्यापारको लागि चीनको कुनै पनि स्थानमा रहेका वाणिज्य बैंकहरूमा युआनमा नै खाता खोली बैंकिङ कारोबार गर्न सकिने व्यवस्था मिलाइएको छ ।

५५. एसियन क्लिरिङ युनियन अन्तर्गत हुने व्यापारिक कारोबारमा संलग्न हुने वाणिज्य बैंकहरूले अर्को सदस्य देशको वाणिज्य बैंकमा एसियन मौद्रिक एकाइको रूपमा रहेका मुद्राहरू ACU Dollar (ACUD) र ACU Euro (ACUE) मा Nostro Account खोल्नु पर्ने र सदस्य देशहरू बीच हुने व्यापारिक कारोबारको भुक्तानी तथा राफसाफ वाणिज्य बैंक स्तरमा रहेका उक्त खाताहरू मार्फत गर्नुपर्ने व्यवस्था गरिएको छ ।

५६. वाणिज्य बैंकहरूले आफ्नो विदेशी विनिमय सञ्चितिको मौज्दातबाट दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी उक्त मौज्दातमा रहेको रकमको बढीमा ४० प्रतिशतसम्म २ वर्ष अवधिसम्मको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य सुरक्षित उपकरणहरूमा लगानी गर्न सक्ने व्यवस्था गरिएको छ ।

५७. विदेशस्थित अस्पतालमा गई औषधोपचार गराउन र आवश्यक औषधि खरिद गर्ने प्रयोजनका लागि नेपाली नागरिकहरूलाई तोकिएको मापदण्ड पूरा गरेको खण्डमा इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरू मार्फत वार्षिक यू.एस.डलर १० हजारसम्म पाउने गरी सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ ।

५८. नेपाली ट्राभल/टुर्स कम्पनीहरूले नेपाली नागरिकलाई विदेश भ्रमणका लागि कम्पनी आफैंले वा विदेशी एजेन्सीसँग सहकार्य गरी विभिन्न टुर प्याकेज सम्बन्धी सेवा बिक्री गरेमा बिजक (Invoice) बमोजिम प्रतिव्यक्ति यू.एस.डलर १,००० सम्म ट्राभल कम्पनीलाई सटही सुविधा दिन सक्ने व्यवस्था गरिएको छ ।

५९. नेपालका संघ-संस्था तथा कम्पनीहरूले भारतबाट अमेरिकी डलरमा भुक्तानी हुने गरी Software खरिद

गर्नु परेमा बढीमा यू.एस.डलर १०,००० सम्मको Software एल.सी. मार्फत आयात गर्न पाउने व्यवस्था गरिएको छ ।

६०. विभिन्न सेवाहरूको भुक्तानी गर्ने प्रयोजनका लागि Online भुक्तानीको प्रचलन बढ्दै गएको सन्दर्भमा वार्षिक यू.एस.डलर २,००० सम्मको बिदेशी वस्तु वा सेवाको खरिद Online मार्फत् गर्न सकिने व्यवस्था मिलाइएको छ ।

६१. परिवर्त्य विदेशी मुद्रामा खाता हुने नेपालीले आफ्नो खाताबाट वस्तु तथा सेवा खरिद गर्ने प्रयोजनका लागि वार्षिक यू.एस.डलर १०,००० सम्म भुक्तानी दिन सक्ने व्यवस्था गरिएको छ ।

६२. सुन आयात तथा बिक्री वितरण प्रणालीलाई बजारको अवस्था अनुरूप समयसापेक्ष परिवर्तन गर्दै लैजाने सन्दर्भमा सुन-चाँदी व्यवसायीहरूलाई चाहिने कच्चा पदार्थ आपूर्तिलाई सहज गर्नको लागि विद्यमान व्यवस्थालाई परिमार्जन गर्दै १५ दिनसम्म सिफारिस नभएको अवस्थामा पनि त्यस्ता व्यवसायीलाई वाणिज्य बैंकले सिधै सुन बिक्री गर्न सक्ने व्यवस्था गरिएको छ ।

६३. बैंक तथा वित्तीय संस्था र रेमिट्यान्स कम्पनीहरूले विदेशबाट प्राप्त विप्रेषण नगदमा भुक्तानी गर्ने प्रचलनलाई न्यूनीकरण गर्दै लैजाने सम्बन्धमा बैंक तथा वित्तीय संस्था र इजाजतप्राप्त रेमिट्यान्स कम्पनीहरूले निश्चित रकमसम्म मात्र नगदमै भुक्तानी गर्न सक्ने र सोभन्दा बढी रकम वितरण गर्दा बैंक खाता वा चेकमार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था गरिएको छ ।

६४. नेपालमा सटहीमा प्रतिबन्ध लाग्दै आएको भा.रु. ५०० र १००० दरका नोटको सम्बन्धमा नेपाली र भारतीय नागरिकले भारतीय रुपैयाँ ५०० र १००० दरका नोटहरू २०७१ फागुनदेखि प्रतिव्यक्ति भा.रु. २५,०००।- सम्म नेपालभित्र ल्याउन वा नेपालबाहिर लैजान सक्ने साथै नेपाली नागरिकले भारतीय रुपैयाँ भारतबाहेक अन्य मुलुकमा लैजान वा अन्य मुलुकबाट नेपाल ल्याउन नपाइने व्यवस्था गरिएको छ ।

६५. भारत र चीनसँगको व्यापारको स्तरलाई ध्यानमा राखी विदेशी विनिमय सञ्चिति लगानीको विविधीकरण गर्दै समग्र प्रतिफल दरमा सुधार गर्न चिनिया तथा भारतीय सरकारी ऋणपत्रमा गरिएको लगानीलाई वृद्धि गर्दै लगिएको छ ।

६६. २०७१ चैत मसान्तमा ५५ वटा विप्रेषण सम्बन्धी कार्य गर्ने फर्म तथा कम्पनीहरू सञ्चालनमा रहेका छन् । यसैगरी विदेशी मुद्राको कारोबार गर्न स्वीकृति लिएका फर्म/कम्पनीहरू मध्ये होटेलतर्फ ३२८, ट्रेकिङतर्फ १६३५, ट्राभल एजेन्सीतर्फ १७३३, विदेशी एयर लाइन्सका जी.एस.ए/पी.एस.ए.तर्फ ५८ रहेका छन् । त्यसैगरी कार्गो कुरिएरतर्फ ३०५ वटा तथा अन्य संघ/संस्थातर्फ ७५ वटा रहेका छन् ।

## बैंक तथा वित्तीय संस्था संख्या र शाखा सञ्जाल

६७. यस बैंकको मौद्रिक नीतिको प्रसारणमा बैंक तथा वित्तीय संस्थाहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । २०७१ चैत मसान्तमा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त “क” वर्गका ३०, “ख” वर्गका ८१, “ग” वर्गका ५१ र “घ” वर्गका ३६ वटा बैंक तथा वित्तीय संस्थाहरू बैंकिङ कारोबारमा संलग्न छन् । यसैगरी, १५ वटा सहकारी संस्था तथा एक राष्ट्रिय सहकारी बैंक लि. र २८ वटा गैर-सरकारी संस्था समेत यस बैंकबाट इजाजत प्राप्त गरी सीमित बैंकिङ कारोबारमा संलग्न रहेका छन् ।

६८. “क”, “ख” र “ग” वर्गका नयाँ बैंक तथा वित्तीय संस्था स्थापनाका लागि इजाजत प्रदान नगर्ने नीतिलाई निरन्तरता दिइएको छ । बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्यामा उल्लेखनीय वृद्धि भएको छ । २०७१ माघ मसान्तसम्ममा वाणिज्य बैंकहरूको शाखा संख्या १६५६ पुगेको छ भने विकास बैंक र वित्त कम्पनीहरूको शाखा संख्या क्रमशः ७९७ र २३९ समेत गरी बैंक तथा वित्तीय संस्थाहरूको कुल शाखा संख्या २६९२ पुगेको छ । त्यसैगरी “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरूको कुल शाखा संख्या १०१५ पुगेको छ । समीक्षा अवधिमा ५ वटा संस्थालाई “घ” वर्गको लघुवित्त वित्तीय कारोबार गर्ने इजाजतपत्र प्रदान गरिएको छ भने ६ वटा यस्ता संस्थालाई सैद्धान्तिक सहमति प्रदान गरिएको छ ।

६९. चालू अर्थिक वर्षको मौद्रिक नीतिमा वित्तीय गैर-सरकारी संस्थाहरू (FINGOs) ले आवश्यक प्रक्रिया पूरा गरी २०७२ असार मसान्तसम्ममा "घ" वर्गको लघुवित्त वित्तीय संस्थामा परिणत भइसक्नु पर्ने र उक्त प्रावधान अनुरूपको कार्ययोजना २०७१ पुस मसान्तभित्र यस बैंकले तोके बमोजिम पेश गर्नु पर्ने व्यवस्था गरिएकोमा उक्त अवधिभित्र २३ वटा गैर-सरकारी संस्थाहरूले कार्य योजना पेश गरेका छन् भने सोमध्ये ४ वटा गैर-सरकारी संस्थाहरूले लघुवित्त संस्थामा परिणत हुन निवेदन समेत पेश गरिसकेका छन् ।

## वित्तीय क्षेत्र सुधार तथा नियमन

७०. वित्तीय क्षेत्र सुधार कार्यक्रमको अवधि ३१ डिसेम्वर २०११ मा समाप्त भएपश्चात पनि नेपाल बैंक लिमिटेडको पुनरसंरचना एवम् सुधार कार्य पूर्ण रूपमा सम्पन्न नभएकोले उक्त बैंकलाई नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा ८६ ग को उपदफा (१) को खण्ड (ण) अनुसार मिति २०५८/१२/१ मा यस बैंकको नियन्त्रणमा लिइएकोमा हाल उक्त बैंकको अधिकांश सुधार सम्बन्धी कार्यहरू सम्पन्न भएको एवम् नयाँ सञ्चालक समितिसमेत गठन भइसकेकोले उक्त बैंक माथिको नियन्त्रण २०७१ मंसिर मसान्तदेखि हटाइएको छ । उक्त बैंकको दैनिक व्यवस्थापन सञ्चालन गर्न प्रमुख कार्यकारी अधिकृतको छनौट समेत भएको छ ।

७१. २०७१ पुस मसान्तमा राष्ट्रिय वाणिज्य बैंकको पुँजीकोष १०.०९ प्रतिशत पुगेको छ । उक्त बैंकको नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा रहेको सम्पूर्ण शेयर तथा नेपाल आवास वित्त कम्पनी लि. मा रहेको संस्थापक शेयर बोलकबोल प्रथाबाट बिक्री गर्ने कार्य अघि बढाई नेपाल इन्भेष्टमेन्ट बैंक लि. मा रहेको आंशिक संस्थापक शेयर बिक्री गरिएको कारण पुँजीकोष वृद्धि भएको हो ।

७२. हाल राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेड दुवैको पुँजीकोष धनात्मक भए तापनि नेपाल बैंक लिमिटेडको पुँजीकोष हालसम्म पनि यस बैंकले तोकेको अनुपातमा नपुगेको हुँदा उक्त अनुपातमा पुऱ्याउन पुँजीयोजना कार्यान्वयनको क्रममा रहेको छ । उक्त दुवै बैंकको चुक्ता पुँजी तथा निक्षेपमा उल्लेख्य वृद्धि भएको, निष्कृय कर्जाको मात्रा क्रमशः घट्दै गएको तथा समीक्षा अवधिमा दुवै बैंकहरू मुनाफा आर्जन गर्न सफल भएको कारण समग्रमा यी दुवै बैंकहरूको वित्तीय अवस्था सन्तोषजनक रहेको छ ।

७३. यस बैंकमा रहेको गुनासो व्यवस्थापन समितिसमक्ष २०७० चैतदेखि २०७१ फागुन मसान्तसम्ममा जम्मा ६४ वटा गुनासो तथा उजुरी परेकोमा ४२ वटा गुनासोहरू उपर व्यवस्थापन समितिबाट सुनुवाइ भइसकेको छ भने ६ वटा उजुरीको सम्बन्धमा सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग आवश्यक पत्राचार गरिएको छ। बाँकी १६ वटा गुनासोबारे निवदेक तथा सम्बन्धित पक्षसँग समन्वय गराई सहमति गर्न पहल गरिएको छ ।

७४. बैंक तथा वित्तीय संस्था एक-आपसमा गाभ्ने/गाभिने विनियमावली, २०६८ र बैंक तथा वित्तीय संस्था प्राप्ति (अक्विजिसन) सम्बन्धी विनियमावली, २०७० जारी भएपश्चात् बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने-गाभिने कार्यमा उल्लेख्य प्रगति भएको छ भने एक बैंक वा वित्तीय संस्थाले अर्को बैंक तथा वित्तीय संस्थाहरू प्राप्ति गर्ने प्रक्रिया पनि अगाडि बढेको छ । समीक्षा अवधिमा ५ वटा वाणिज्य बैंक, ८ वटा विकास बैंक र ९ वटा वित्त कम्पनीहरूको गाभ्ने-गाभिने प्रक्रिया सम्पन्न भई ४ वटा वाणिज्य बैंक, ३ विकास बैंक र २ वित्त कम्पनी बन्न पुगेका छन् । त्यस्तै, ५ वटा ग्रामीण विकास बैंकहरू गाभिएर नेपाल ग्रामीण विकास बैंक लि. बनेको छ। यसै अवधिमा थप एउटा वाणिज्य बैंक, ९ वटा विकास बैंक र ४ वटा वित्त कम्पनी गरी १४ वटा संस्थाहरूलाई गाभ्न-गाभिनका लागि सैद्धान्तिक सहमति प्रदान गरिएको छ भने एउटा वाणिज्य बैंक र एउटा विकास बैंकले एक आपसमा गाभ्ने-गाभिने सैद्धान्तिक सहमतिका लागि निवेदन पेश गरेका छन् । यसैगरी, एउटा वाणिज्य बैंकलाई दुईवटा वित्त कम्पनीहरू प्राप्ति गर्न सैद्धान्तिक सहमति प्रदान गरिएको छ भने एउटा वाणिज्य बैंकले अर्को वाणिज्य बैंकलाई प्राप्ति गर्न सैद्धान्तिक सहमतिका लागि निवेदन पेश गरेको छ ।

७५. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त

वित्तीय संस्थाहरूलाई जारी गरिएको निर्देशन-२०७१ मा भएको २२ जिल्लामा लघुवित्त वित्तीय संस्थाले शाखा खोली वित्तीय कारोबार सञ्चालन गरेमा प्रति शाखा रु. ३० लाख शून्य ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराइने व्यवस्था अन्तरगत तीन वटा संस्थालाई ४ वटा शाखाका लागि प्रतिशाखा रु. ३० लाखका दरले जम्मा रु. १ करोड २० लाख शून्य ब्याजदरमा कर्जा उपलब्ध गराइएको छ ।

७६. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत व्यवस्था बमोजिम हालसम्म ५ वटा कम्पनीलाई स्वीकृति प्रदान गरिएको छ ।

७७. नेपाल सरकारको Development Policy Credit कार्यक्रम अन्तर्गत Department for International Development (DFID), UK को आर्थिक तथा प्राविधिक सहयोगमा नेपालका २२ वटा वाणिज्य बैंक, २० वटा विकास बैंक र १२ वटा वित्त कम्पनीहरू गरी जम्मा ५४ वटा बैंक तथा वित्तीय संस्थाहरूको विशेष निरीक्षण गर्नका लागि अन्तर्राष्ट्रिय कन्सल्टिङ फर्म KPMG Portugal र दुई स्थानीय साझेदारहरू छनौट भई विशेष निरीक्षण कार्य सुरु गरिसकेका छन् ।

७८. यस बैंकबाट इजाजतप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूबाट प्रवाहित हुने कर्जामा दोहोरोपन हुन नदिनका लागि कर्जा सूचना केन्द्रमार्फत कर्जा सूचना लिने व्यवस्था गरिएको छ ।

७९. Good for Payment चेक जारी गर्ने बैंक तथा वित्तीय संस्थाले सो चेक बराबरको रकम छुट्टै खातामा जम्मा गरी सोको System Printed प्रमाण चेकमा उल्लेख गर्ने वा चेकसँग उपलब्ध गराउने र सोको अभिलेख राख्नुपर्ने व्यवस्था गरिएको छ ।

८०. विपन्न तथा न्यून आय भएका व्यक्तिलाई सामूहिक जमानीमा लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा एक लाख रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा यस्तो सीमा दुई लाख रुपैयाँ कायम गरिएको छ ।

८१. विपन्न तथा न्यून आय भएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघुउद्यम वा व्यवसाय सञ्चालन गर्न प्रतिसमूह सदस्य बढीमा रु. तीन लाख रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिने छ । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा यस्तो सीमा पाँच लाख रुपैयाँ कायम गरिएको छ ।

८२. महिलाहरूद्वारा सञ्चालित लघुउद्यमलाई बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको रु. ४ लाखसम्मको कर्जा र महिलाहरूद्वारा सञ्चालित लघुउद्यमलाई बैंक तथा वित्तीय संस्थाबाट सम्बन्धित परियोजनाको धितोमा प्रवाह भएको रु. ७ लाखसम्मको परियोजना कर्जालाई विपन्न वर्गमा गणना गरिने व्यवस्था गरिएको छ ।

८३. इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाले निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर निर्धारण गर्दा औसत ब्याजदर अन्तर ५ प्रतिशत भन्दा बढी नहुने गरी निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ । २०७१ फागुनमा वाणिज्य बैंकहरूको भारित औसत ब्याजदर अन्तर ४.४९ प्रतिशत रहेको छ ।

## निरीक्षण तथा सुपरिवेक्षण

### बैंक सुपरिवेक्षण

८४. बैंकिङ क्षेत्रप्रति सर्वसाधारणको विश्वासलाई सुदृढ बनाउनका लागि सुपरिवेक्षण कार्यलाई अझै प्रभावकारी बनाउँदै जाने प्रक्रिया अन्तर्गत सबै वाणिज्य बैंकहरूमा नियमित तथा आवश्यकताको आधारमा स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण एवम् अनुगमन गर्ने व्यवस्था मिलाइएको छ । अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यास (International Best Practice) हरू लाई अबलम्बन गरी सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन जोखिममा आधारित सुपरिवेक्षण प्रणाली लागू गरिएको छ ।

८५. प्रत्येक वर्ष कम्तीमा एक पटक सबै वाणिज्य बैंकहरूको समष्टिगत स्थलगत निरीक्षण गर्ने नीति अनुरूप समीक्षा अवधिमा कुल २७ वटा वाणिज्य बैंकको स्थलगत निरीक्षण सम्पन्न गरिसकिएको छ ।

८६. सुपरिवेक्षणको प्रक्रिया र प्रणालीलाई प्रभावकारी बनाउन वाणिज्य बैंकहरूमा अन्तरनिहित जोखिमका क्षेत्रहरू पहिचान गरी सोही अनुरूप सुपरिवेक्षकीय साधन स्रोतहरू जोखिम भएको क्षेत्रमा केन्द्रित गरी सुपरिवेक्षण प्रक्रियालाई अझै प्रभावकारी बनाउँदै जाने उद्देश्य अनुरूप जोखिममा आधारित सुपरिवेक्षण प्रणाली (Risk Based Supervision) क्रमशः लागू गर्ने कार्ययोजना अनुसार ५ वटा बैंकको स्थलगत निरीक्षण सम्पन्न गरिसकिएको छ भने चालू आर्थिक वर्षमा तीन वटा बैंकको स्थलगत निरीक्षण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

८७. समीक्षा अवधिमा दुई वटा बैंकको अनुगमन निरीक्षण तथा एउटा बैंकको लक्षित निरीक्षण सम्पन्न गरिएको छ । साथै ग्राहकका गुनासो तथा अन्य विभिन्न निकायबाट अनुरोध भई आएका विषयका आधारमा ६५ पटक विशेष स्थलगत निरीक्षण तथा २२ पटक गैर-स्थलगत सुपरिवेक्षण तथा आवश्यक अध्ययन सम्पन्न गरिएको छ ।

८८. नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको व्यवस्थापनमा रहेको यस बैंकको नियन्त्रण अवधि २०७२ असार मसान्तसम्म कायम गरिएको छ ।

८९. समीक्षा अवधिमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशनको पालना नगर्ने एक बैंकलाई रु. २० लाख तथा उक्त बैंकका प्रमुख कार्यकारी अधिकृतलाई रु. २ लाख नगद जरिवाना गरिएको छ ।

९०. Cross Border Supervision को सुरुआत गरी Home-Host Supervision लाई प्रभावकारी तुल्याउने उद्देश्यले भारत, चीन तथा पाकिस्तानका सम्बन्धित निकायहरूसँग सूचना आदान-प्रदान सम्बन्धी समझदारी (Memorandum of Understanding) गर्ने कार्यलाई अगाडि बढाइएको छ ।

९१. बैंक तथा वित्तीय संस्थाको सङ्ख्या, सेवाका प्रकार तथा सेवाको पहुँचमा भएको वृद्धिसँगै वित्तीय क्षेत्रमा जटिलता र जोखिम बढ्दै गएकोले बैंक तथा वित्तीय संस्थाका सञ्चालकहरूको निगरानी गर्ने क्षमता र व्यावसायिक निपूणता अभिवृद्धि हुन आवश्यक देखिएकोले सञ्चालकहरूलाई लक्षित गरी Certification Course वा तालिम सम्बन्धी नीतिगत व्यवस्था गर्ने सम्बन्धमा अध्ययन भइरहेको छ ।

९२. गैर-स्थलगत सुपरिवेक्षणलाई अझ प्रभावकारी बनाउन तथ्याङ्क प्राप्ति तथा विश्लेषण प्रणालीको सुदृढीकरण एवम् Supervisory Management Information System को विकासका लागि आवश्यक Specification निर्धारण गर्ने कार्य अगाडि बढाइएको छ ।

९३. आर्थिक वर्ष २०७१/७२ को साउनदेखि त्रैमासिक रूपमा बहु बैंकिङ कर्जा कारोबारमा संलग्न ठूला ५० ऋणीहरूको कर्जा कारोबारको विवरण प्राप्त गरी अध्ययन गर्ने कार्य प्रारम्भ गरिसकिएको छ भने यस्ता ऋणीहरूको कर्जा कारोबारमा अस्वाभाविक कर्जा विस्तारको अवस्था देखिएमा नियमित रूपले स्थलगत तथा गैर-स्थलगत अनुगमनको व्यवस्था गरिने छ। यस कार्यले प्रणालीगत जोखिमलाई न्यूनीकरण गर्दै वित्तीय स्थायित्व हासिल गर्न थप मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

९४. वाणिज्य बैंकहरूले २०७२ असार मसान्तसम्ममा आफ्नो कुल कर्जाको २० प्रतिशत कर्जा तोकिएको उत्पादनशील क्षेत्रमा प्रवाह गर्नुपर्ने र कृषि तथा ऊर्जा क्षेत्रमा कम्तीमा १२ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था कार्यान्वयनको अनुगमन गरिएको छ ।

### विकास बैंक सुपरिवेक्षण

९५. राष्ट्रिय स्तरका विकास बैङ्कहरूलाई BASEL II को Framework अन्तरगत ल्याउने तयारी अनुरूप आर्थिक वर्ष २०६७/६८ देखि विकास बैंक सुपरिवेक्षण विभागमा छुट्टै एकाइ खडा गरी अनुगमन गरिँदै आएकोमा आर्थिक वर्ष २०७१/७२ मा पनि यस कार्यलाई निरन्तरता

दिइएको छ ।

९६. आधार ब्याजदरको अवधारणा क्रमशः "क" वर्ग बाहेकका अन्य वित्तीय संस्थाहरूमा समेत लागू गर्दै लैजाने नीति अनुरूप "ख" वर्गका वित्तीय संस्थाहरूको आधार ब्याजदरको नियमित अनुगमन गर्न थालिएको छ ।

९७. विकास बैंकहरूले २०७३ असार मसान्तसम्म कुल कर्जाको १५ प्रतिशत तोकिएका उत्पादनशील क्षेत्रमा प्रवाह गर्ने सम्बन्धमा यस बैंकमा पेश गरेको कार्ययोजना कार्यान्वयन गराउनका लागि नियमित अनुगमन गरिएको छ ।

९८. विकास बैंकहरूको आम्दानी तथा खर्च कारोबारको ठूलो अंश ब्याज आम्दानी र ब्याज खर्चले ओगटेको तथा गैर-कोषमा आधारित कारोबारको अंश सानो परिमाणमा रहेको अवस्थालाई ध्यानमा राख्दै स्थलगत निरीक्षणको क्रममा ठूला ऋणीहरूको कर्जा फाइल अध्ययन गर्ने तथा सोसँग सम्बन्धित धितो एवम् परियोजनाको समेत स्थलगत निरीक्षण गर्ने कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइएको छ ।

९९. यस बैंकबाट जारी दबाब परीक्षण (Stress Testing) सम्बन्धी मार्गदर्शनका आधारमा राष्ट्रियस्तरका विकास बैंकहरूले गर्ने गरेको दबाब परीक्षणको नियमित अनुगमन गर्ने गरिएको छ ।

१००. प्रत्येक वर्ष कम्तीमा एक पटक सबै विकास बैंकहरूको स्थलगत निरीक्षण सम्पन्न गर्ने योजना अनुरूप २०७० चैतदेखि २०७१ फागुन मसान्तसम्ममा ७४ वटा संस्थाहरूको समष्टिगत स्थलगत निरीक्षण, १९ वटा संस्थाहरूको विशेष निरीक्षण, ३ वटा संस्थाहरूको अनुगमन निरीक्षण तथा ३ वटा संस्थाहरूको भौतिक पूर्वाधार निरीक्षण सम्पन्न गरिएको छ ।

१०१. विकास बैंकहरूको वित्तीय स्वास्थ्यलाई सुदृढ तुल्याउन त्यस्ता संस्थाहरूको नगद लाभांश र बोनस शेयर सम्बन्धी प्रस्तावलाई स्वीकृत गर्नुपूर्व विवेकपूर्ण संयन्त्र (Prudential Mechanism) को माध्यमबाट परीक्षण गर्ने नीति अवलम्बन गरिएको छ ।

१०२. दुई वटा विकास बैंकहरूलाई न्यूनतम पुँजीकोष सम्बन्धी निर्देशन पालना नगरेकाले शीघ्र सुधारात्मक कारबाही सम्बन्धी विनियमावली अनुसार कारबाही गरिएकोमा त्यसपछिको अवधिमा समेत दिन-प्रतिदिन वित्तीय अवस्था ह्रासोन्मुख हुँदै गएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६(ख) बमोजिम ती संस्थाहरूलाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको छ ।

१०३. समीक्षा अवधिमा बैंकले तोकेको न्यूनतम पुँजीकोष नपुग भएका ५ वटा विकास बैंकहरूलाई शीघ्र सुधारात्मक कारवाही गरिएकोमा उक्त संस्थाहरूले न्यूनतम पुँजीकोष कायम गरेकाले कारबाही फुकुवा गरिएको छ । यसैगरी, यस बैंकबाट जारी निर्देशन पालना नगर्ने ६ वटा विकास बैंकहरूलाई भविष्यमा पुनः यस्तो गल्ती नदोहोऱ्याउन सचेत गराइएको छ भने यसअघि निलम्बनमा परेको एउटा विकास बैंकका प्रवन्ध सञ्चालकको निलम्बन आवश्यक छानबिन पश्चात् फुकुवा गरिएको छ ।

### वित्त कम्पनी सुपरिवेक्षण

१०४. आर्थिक वर्ष २०७१/७२ को वार्षिक कार्ययोजनामा सम्पूर्ण वित्त कम्पनीहरूको स्थलगत निरीक्षण गर्ने लक्ष्य राखिएकोमा २०७१ फागुन मसान्तसम्म २७ वटा वित्त कम्पनीहरूको समष्टिगत स्थलगत निरीक्षण तथा ४ वटा कम्पनीहरूको विशेष निरीक्षण सम्पन्न भएको छ ।

१०५. यस बैंकबाट जारी निर्देशन तथा प्रचलित ऐन एवम् कानून विपरीत हुने गरी काम कारबाही गर्ने ९ वटा वित्त कम्पनीहरूलाई समस्याग्रस्त वित्तीय संस्थाको रूपमा घोषणा गरिएको छ भने एउटा वित्त कम्पनीलाई शीघ्र सुधारात्मक कारबाही गरिएको छ ।

१०६. तोकिएको न्यूनतम चुक्ता पुँजी पूरा नगर्ने ६ वटा वित्त कम्पनीहरूलाई निक्षेप तथा कर्जामा सीमा लगाउनुका साथै शाखा खोल्न र लाभांश वितरणमा समेत बन्देज लगाइएको छ ।

### मुद्रा व्यवस्थापन

१०७. मुलुकभर सहज रूपमा नोट आपूर्तिको व्यवस्था गर्ने प्रयोजनका लागि कम्तीमा ३.२५ वर्षका लागि धान्ने

नोटको स्टक राख्ने व्यवस्था मिलाउने नीतिगत व्यवस्था अनुरूप नोट छपाइको कार्य अगाडि बढाइएको छ । बैंकलाई आवश्यक पर्ने नयाँ नोट छपाइ गर्ने क्रममा २०७० चैत्रदेखि २०७१ फागुन मसान्तसम्ममा रु. ५, १०, २०, ५० र १००० दरका गरी जम्मा रु. ६४ अर्ब ५५ करोड बराबरका ३८ करोड थान नयाँ नोट बैंकमा भित्रिएको छ । यस अवधिमा रु. ७३ अर्ब ८५ करोड बराबरको ३८ करोड ८३ लाख थान नयाँ नोट स्टकबाट निष्कासन भएको छ ।

१०८. मुद्रा व्यवस्थापन विभाग र बैंकका काठमाडौं उपत्यका बाहिरका कार्यालयहरूबाट समेत गरी २०७० चैतदेखि २०७१ फागुन मसान्तसम्ममा रु. २९ अर्ब ४ करोड बराबरको विभिन्न दरका नोटहरू जलान गरिएको छ । गत वर्षको सोही अवधिमा रु. ३० अर्ब ९५ करोड बराबरको विभिन्न दरका नोटहरू जलान गरिएको थियो । यसरी हालसम्मको कुल जलान रु. २ खर्ब ९१ अर्ब २६ करोड पुगेको छ ।

१०९. २०७० फागुन मसान्तसम्म विभिन्न दरका रु. २ खर्ब ६० अर्ब ३० करोड नोट चलनचल्तीमा रहेकोमा २०७१ फागुन मसान्तसम्म रु. ३६ अर्ब ४६ करोड बराबरको थप नोट निष्कासन भई चलनचल्तीमा रहेको नोट रकम कुल रु. २ खर्ब ९६ अर्ब ७६ करोड पुगेको छ । नोटकोषमा २०७० फागुन मसान्तसम्म रु. २२ अर्ब ९३ करोड रकम रहेकोमा २०७१ फागुन मसान्तसम्म रु. ३१ अर्ब ४२ करोड रकम मौज्दात रहन गएको छ ।

११०. मुद्रा व्यवस्थापनको कार्यलाई यान्त्रिकीकरण गर्दै लैजाने योजना अनुरूप बैंकको लागि आवश्यक Currency Verification and Processing System (CVPS) खरिद गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

## जनशक्ति व्यवस्थापन

१११. बैंकमा विद्यमान मानव संशाधनको समुचित उपयोगबाट संस्थाले परिलक्षित गरेका उद्देश्यहरू परिपूर्ति गर्न जनशक्ति योजना तयार गरी लागू गरिएको छ भने तालिम, विकास, बढुवा, सरुवा लगायतका जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरू नियमित रूपमा सम्पन्न गरिएका छन् ।

११२. बैंकमा २०७१ फागुन मसान्तसम्ममा अधिकृत स्तरमा ८३१, सहायक स्तरमा ३७१ र श्रेणीविहिन कार्यालय सहयोगी स्तरमा १६३ गरी जम्मा १३६५ जना कर्मचारीहरू कार्यरत रहेका छन् । त्यसैगरी २०७१ फागुन मसान्तमा सुरक्षाकर्मीतर्फ ८२ जना, चिकित्सकहरू ११ जना, इन्जिनियरहरू २ जना तथा प्राविधिकतर्फ कार्यरत पूर्व कर्मचारीहरू १६ जना गरी जम्मा १११ जना करारमा कार्यरत रहेका छन् । सो अनुसार हाल अधिकृत स्तरसँग सहायक स्तरका कर्मचारीहरूको अनुपात १:०.४५ छ भने अधिकृत तथा सहायक स्तरका कर्मचारीसँग कार्यालय सहयोगीको अनुपात १:०.१४ रहेको छ ।

११३. स्वीकृत दरबन्दीको आधारमा पदपूर्ति गरिने प्रशासन सेवातर्फ रिक्त ८१ पदहरूमध्ये ४७ पद मूल्याङ्कन बढुवा प्रक्रियाबाट तथा २ पद आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिसकिएको छ । मूल्याङ्कन बढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्न बाँकी रहेका पदहरूमा समेत नियमित प्रक्रियाद्वारा पदपूर्ति गर्ने कार्य अगाडि बढिरहेको छ ।

११४. २०७० चैत्रदेखि २०७१ फागुन मसान्तसम्ममा विविध कारणले कुल १०१ जना कर्मचारीहरू बैंक सेवाबाट अलग भएका छन् । यसरी बैंक सेवाबाट अलग हुनेहरूमध्ये ६९ जना सेवा अवधिको आधारमा र २९ जना उमेरको आधारमा अवकाश भएका छन् भने ३ जनाको राजीनामा स्वीकृत गरिएको छ ।

११५. जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन HRMISS Project अर्न्तगत भइरहेको कार्य अन्तिम चरणमा पुगेको छ । यसका लागि जडान गरिएको Software का १२ वटै Modules मा बैंकका कर्मचारीहरूसँग सम्बन्धित तथ्यांकहरू रेकर्ड गर्ने तथा दैनिक कार्यहरू Software को माध्यमबाट सञ्चालन गर्न सकिने गरी Software को Development र Customization को कार्य सम्पन्न भएको छ ।

## सम्पत्ति शुद्धीकरण निवारण तथा वित्तीय जानकारी एकाइ

११६. सूचक संस्थाहरूबाट वित्तीय सूचना प्राप्त गर्ने, प्राप्त सूचनाको प्रभावकारी विश्लेषण गर्ने तथा विश्लेषणका निष्कर्षलाई अपराधको अनुसन्धान तहकिकात गर्ने

विभिन्न निकायहरू समक्ष सम्प्रेषण गर्ने जस्ता वित्तीय जानकारी एकाइले सम्पादन गर्नुपर्ने मुख्य कार्यलाई छरितो र प्रभावकारी बनाउन उपयोगी हुने गरी United Nations Office on Drugs and Crime द्वारा विकास गरिएको goAML नामक विशिष्टीकृत सूचना प्रविधि सफ्टवेयर खरिद गरी जडान गर्ने कार्य सम्पन्न गरिएको छ । उक्त सफ्टवेयर जडान पश्चात् विद्यमान ऐन, नियम तथा निर्देशन बमोजिम समावेश गरिनु पर्ने सूचना र विवरणहरू समेटिने गरी सफ्टवेयरमा आवश्यक समायोजन गर्ने कार्य भइरहेको छ ।

११७. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्न Financial Action Task Force ले विकास गरेका मापदण्डको प्रयोग र परिपालना सुनिश्चित गर्न उक्त कसूरहरू सम्बन्धी विद्यमान राष्ट्रिय जोखिमको मूल्याङ्कन गरी न्यूनीकरणका आवश्यक उपाय अवलम्बन गर्ने नेपाल सरकारको रणनीति बमोजिम यस बैंकमा रहेको वित्तीय जानकारी एकाइको अगुवाइमा २३ वटा सरकारी र सार्वजनिक निकायहरू सहभागी भई राष्ट्रिय जोखिम मूल्याङ्कन गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

११८. गत आर्थिक वर्षमा शङ्कास्पद कारोबारतर्फ प्राप्त ४२५ कारोबारहरूलाई वित्तीय जानकारी एकाइको डेटाबेसमा उपलब्ध सीमा कारोबार लगायतका सूचना तथा अन्य सरकारी निकायबाट प्राप्त सूचनाका आधारमा विश्लेषण गरी १४० वटा कारोबारहरूलाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राजस्व अनुसन्धान विभाग लगायतका निकायमा सम्प्रेषण गरिएको छ ।

११९. नेपाल सरकारद्वारा पारित सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्ययोजना (२०६८-२०७३) ले परिलक्षित गरेका रणनीतिक उद्देश्यहरू हासिल गर्न गठित विभिन्न समिति तथा उप-समितिहरूमा वित्तीय जानकारी एकाइले सहभागिता जनाउनुका साथै सुपरिवेक्षण उप-समिति तथा राष्ट्रिय जोखिम मूल्याङ्कन समितिले सम्पादन गर्नुपर्ने कार्यमा संयोजकत्व प्रदान गर्दै आएको छ । साथै, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ताको कार्यालय लगायतका संवैधानिक निकाय तथा नेपाल सरकारका विभिन्न मन्त्रालय र विभागहरूसँग नीतिगत तथा कार्यगत तहमा सहकार्य गरिएको छ ।

१२०. सम्पत्ति शुद्धीकरण निवारणका लागि अन्तरदेशिय सूचना आदान-प्रदानको महत्वलाई आत्मसात गर्दै यस वर्ष म्यानमार तथा जनवादी गणतन्त्र चीनका समकक्षी वित्तीय जानकारी एकाइसँग सूचना आदान-प्रदान गर्ने सम्बन्धी द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरिएको छ । यसबाट वित्तीय जानकारी एकाइको सम्बन्ध ११ वटा विदेशी समकक्षी निकायसँग स्थापित भएको छ ।

१२१. विश्वव्यापी रूपमा विदेशी समकक्षी निकायहरूसँग वित्तीय सूचना आदान-प्रदान गर्नका लागि विश्वका १३९ मुलुकका वित्तीय जानकारी एकाइहरू सदस्य रहेको अन्तर्राष्ट्रिय संगठन Egmont Group of FIUs को सदस्यता अत्यन्त आवश्यक भएको सन्दर्भमा सदस्यताका लागि वित्तीय जानकारी एकाइले गरेको निवेदन उपर सङ्गठनको सचिवालयले प्रक्रिया अगाडि बढाएको छ ।

## राष्ट्र ऋण व्यवस्थापन

१२२. २०७१ फागुन मसान्तसम्म नेपाल सरकारको कुल बाँकी आन्तरिक ऋण दायित्व ट्रेजरी विलमा रु. १२४ अर्ब ९६ करोड ८१ लाख, विकास ऋणपत्रमा रु. ४५ अर्ब ११ करोड ९ लाख, राष्ट्रिय बचतपत्रमा रु. १६ अर्ब ५८ करोड ६५ लाख, नागरिक बचतपत्रमा रु. ७१ करोड ६८ लाख र वैदेशिक रोजगार बचतपत्रमा रु. १३ करोड ५३ लाख गरी जम्मा रु. १८७ अर्ब ५१ करोड ७६ लाख रहेको छ । उक्त ऋण दायित्व २०७० फागुन मसान्तमा रु. २१२ अर्ब ७३ करोड ४६ लाख रहेको थियो । नेपाल सरकारको चालू आर्थिक वर्षको बजेटमा रु. ५२ अर्ब ७५ करोड आन्तरिक ऋण परिचालन गर्ने उल्लेख भए तापनि २०७१ फागुन मसान्तसम्म नयाँ ऋणपत्रको प्राथमिक निष्कासन भएको छैन ।

१२३. नेपाल सरकारको तर्फबाट निष्कासन भएका ट्रेजरी बिल मध्ये आ.व. २०७०/७१ को चैतदेखि असारसम्म रु. १० अर्ब र आ.व. २०७१/७२ को फागुन मसान्तसम्म रु. ११ अर्ब ५० करोड गरी समीक्षा अवधिमा रु. २१ अर्ब ५० करोडको ट्रेजरी बिलको साँवा रकम भुक्तानी भएको छ ।

१२४. नेपाल सरकारद्वारा निष्कासित ऋणपत्रहरूमध्ये आर्थिक वर्ष २०७०/७१ को जेठ र असारमा नागरिक बचतपत्र रु. ९६ करोड ७० लाख ६१ हजार, विकास ऋणपत्र रु. १० अर्ब र आर्थिक वर्ष २०७१/७२ को कात्तिक र पुसमा नागरिक बचतपत्र रु. ८० करोड तथा विकास ऋणपत्र रु. २ अर्ब गरी समीक्षा अवधिमा जम्मा रु. १३ अर्ब ७६ करोड ७० लाख ६१ हजार ऋणपत्रको सावाँ रकम नेपाल सरकारले भुक्तानी गरेको छ ।

१२५. नेपाल सरकारद्वारा निष्कासित ऋणपत्रहरूमध्ये चालू आर्थिक वर्षको बाँकी अवधि अर्थात २०७१ चैतदेखि २०७२ असार मसान्तसम्मको अवधिमा वैदेशिक रोजगार बचतपत्रको रु. ४० लाख र विकास ऋणपत्रको रु. १८ अर्ब ४ करोड ९ लाख गरी जम्मा रु. १८ अर्ब ४ करोड ४९ लाख सावाँ रकम नेपाल सरकारबाट भुक्तानी हुने क्रममा रहेको छ ।

१२६. राष्ट्रिय बचतपत्र र नागरिक बचतपत्रको प्राथमिक तथा दोस्रो बजार र वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबारको सुविधा उपलब्ध गराउन तथा त्यस्ता ऋणपत्रहरूको कारोबारलाई बढीभन्दा बढी क्रियाशील बनाई सरकारी ऋणपत्रको बजार बिस्तारमा सहयोग पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०७०/७१ का लागि ५५ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई तोकिएका शर्तहरू पालना गर्ने गरी बजार निर्माताको इजाजतपत्र प्रदान गरिएको थियो । चालू आर्थिक वर्ष २०७१/७२ का लागि ५१ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई बजार निर्माताको इजाजतपत्र प्रदान गरिएको छ, जसमध्ये ११ वटा बजार निर्माताहरू काठमाडौं उपत्यकाबाहिर रहेका छन् ।

१२७. वैदेशिक रोजगार बचतपत्रको प्राथमिक कारोबार गर्नको लागि आर्थिक वर्ष २०७०/७१ का लागि रेमिट्यान्स सम्बन्धी कार्य गर्ने ७ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई तोकिएका शर्तहरू पालना गर्ने गरी बिक्री एजेण्टको इजाजतपत्र प्रदान गरिएकोमा चालू आर्थिक वर्ष २०७१/७२ का लागि ६ वटा बैंक तथा वित्तीय संस्थाहरूलाई बिक्री एजेण्टको इजाजतपत्र प्रदान गरिएको छ ।

१२८. सरकारी ऋणपत्रहरूमध्ये ट्रेजरी विल, विकास ऋणपत्र र खुला बजार कारोबारका उपकरणहरू रिपो, रिभर्स रिपो, आउट-राइट खरिद, आउट-राइट बिक्री तथा निक्षेप सङ्कलनको बोलकबोल कार्यलाई आधुनिकीकरण गरी विद्युतीय माध्यम (Online Bidding System) बाट सञ्चालन गर्ने उद्देश्यले निर्माण गर्न लगाइएको सफ्टवेयरको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

## बैंकिङ कारोबार आधुनिकीकरण/यान्त्रिकीकरण

१२९. बैंकका विभिन्न विभाग तथा कार्यालयहरूको कार्यलाई कम्प्यूटराइज गर्नका लागि आवश्यक पर्ने नयाँ सफ्टवेयर विकास गर्ने, पहिले तयार गरिएका सफ्टवेयरहरूमा आवश्यक सुधार गर्ने र नयाँ सफ्टवेयर प्राप्त गर्ने कार्यहरू सम्पन्न भएका छन् । Internet सेवालाई केन्द्रिकृतरूपमा सञ्चालन एवम् व्यवस्थापन गर्ने योजना अनुरूप Bandwidth को क्षमता 5 Mbps बाट बढाई 15 Mbps पुऱ्याइएको छ ।

१३०. बैंकको Website तथा Intranet को आधुनिकीकरण गर्नका लागि NRB Website Implementation Project कार्यदल गठन गरिएकोमा उक्त कार्यदलले Requirement Specification सहितको RFP तयार गरिसकेकोले हाल सामान्य सेवा विभाग मार्फत् सोको खरिद प्रक्रिया अघि बढेको छ ।

१३१. नयाँ Corporate Email System Software खरिद गरी प्रयोगमा ल्याउन आवश्यक Expression of Interest तथा Request for Proposal हरूको Draft Document तयारीको क्रममा रहेको छ । निकट भविष्यमा बैंकको Data Center र Disaster Recovery Site तथा वित्तीय जानकारी इकाइको Data Center लाई नेपाल सरकारको राष्ट्रिय

सूचना प्रविधि केन्द्रबाट सञ्चालित Government Integrated Data Center मा स्थानान्तरण गरी सञ्चालनमा ल्याउने उद्देश्य अनुरूप हाललाई बैंकको Disaster Recovery Site तथा वित्तीय जानकारी एकाइको Data Center लाई उक्त केन्द्रमा स्थापना गर्न आवश्यक सम्झौता गरिएको छ ।

१३२. परिवर्त्य विदेशी मुद्राको कारोबार गर्नका लागि नेपाल राष्ट्र बैंकले प्रदान गरेको कोड नम्बर विदेशी मुद्रामा छाप लगाई फण्ड ट्रान्सफर गर्ने गरिएकोमा विदेशी मुद्राका नोटमा कुनै पनि किसिमको छाप/नम्बर लगाउन नपाइने नीतिगत व्यवस्था गरिएको छ । साथै, बैंकिङ कार्यालय, थापाथलीमा २०७१ कात्तिक १ गतेदेखि विदेशी मुद्राका जाली नोट पत्ता लगाउने तथा गन्ने मेशिन प्रयोगमा आएको छ भने उपत्यका बाहिरका कार्यालयहरूमा समेत उक्त मेशिन प्रयोगमा आउने क्रममा रहेको छ ।

१३३. नेपाल राष्ट्र बैंकले गर्दै आएको सरकारी कारोबार वाणिज्य बैंकहरूलाई हस्तान्तरण गर्दै जाने नीति अनुरूप नेपाल राष्ट्र बैंक सिद्धार्थनगर तथा विराटनगर कार्यालयले गर्ने गरेको सम्पूर्ण सरकारी कारोबार २०७२ साउन १ गतेदेखि कृषि विकास बैंकलाई प्रदान गर्ने निर्णय भएको छ ।

## अध्ययन/अनुसन्धान/तालिम

१३४. यस बैंकको आयोजनामा २०७१ फागुन १४ देखि १६ गतेसम्म काठमाडौंमा 2nd International Conference on Economics and Finance सम्पन्न भयो । नौ देशका ९० जनाभन्दा बढीको सहभागिता रहेको उक्त सम्मेलनमा आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित ४६ वटा शोधपत्रहरू प्रस्तुत गरिएको थियो ।

१३५. यस बैंकले तयार पार्ने राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कलाई अद्यावधिक गर्न घरपरिवारले उपभोग गर्ने वस्तु र सेवाहरूको विवरण सङ्कलन गरी सोका आधारमा परिमार्जित भारसहितको वस्तु र सेवाहरूको डालो (Commodity Basket) तयार गर्ने उद्देश्यले सञ्चालित पाचौं पारिवारिक बजेट सर्वेक्षण अन्तरगत देशभरबाट छानिएका ५५ जिल्लाका ८४ बजार केन्द्रका कुल ८,०२८ घरपरिवारको खर्च र आम्दानीको तथ्याङ्क सङ्कलन गर्ने कार्य मिति २०७१ माघ मसान्तमा सम्पन्न भई हाल तथ्याङ्क प्रविष्टि तथा रुजु सम्बन्धी कार्य भइरहेको छ ।

१३६. चालू आर्थिक वर्षमा यार्सागुम्बाले नेपाली अर्थतन्त्रमा पारेको प्रभाव, विप्रेषण प्राप्त गर्ने घरपरिवारको बचत तथा लगानी प्रवृत्ति, मर्जर पश्चात् बनेका बैंक तथा वित्तीय संस्थाहरूको अवस्था र मर्जरको प्रभावकारिता तथा नेपाल र चीन बीचको व्यापार सम्बन्धी सर्वेक्षण गरी चार वटा विषयको अध्ययन कार्य अन्तिम चरणमा पुगेको छ ।

१३७. Nepal Macroeconomic Model (NMEM) लाई अद्यावधिक गर्ने कार्य सम्पन्न भएको छ । त्यसैगरी, मौद्रिक क्षेत्र, सार्वजनिक वित्त क्षेत्र, बाह्य क्षेत्र, वास्तविक क्षेत्र र मूल्य सम्बन्धी Sectoral Model हरूलाई थप परिमार्जन गर्ने कार्य भइरहेको छ । DSGE Model सञ्चालन गर्न आवश्यक पर्ने MATLAB Software र Time Series Data Analysis मा आवश्यक पर्ने Microfit Software को Installation कार्य सम्पन्न भएको छ ।

१३८. यस बैंकद्वारा प्रकाशित NRB Economic Review मा प्रकाशित लेख रचना तथा Online माध्यमबाट प्रकाशित NRB Working Paper हरूलाई Research Paper in Economics (RePec) को EconPapers Database मा समावेश गरिएको छ । Online मार्फत् निःशुल्क रूपमा हेर्न मिल्ने उक्त Database मा NRB Economic Review का जम्मा १३० वटा लेख रचना समावेश भएका छन् ।

१३९. २०७० चैत १ देखि २०७१ फागुन मसान्तसम्म अधिकृतस्तरीय २५ र सहायकस्तरीय एक गरी जम्मा २६ वटा तालिम कार्यक्रमहरू सम्पन्न भएका छन् । उक्त तालिम कार्यक्रममा नेपाल राष्ट्र बैंकबाट ३५० जना र अन्य संस्थाहरूबाट १८८ जना गरी कुल ५३८ जनाको सहभागिता रहेको थियो ।

१४०. यस अवधिमा कुल ४८७ जना अधिकृत तथा सहायक कर्मचारीहरू वैदेशिक सेमिनार, गोष्ठी, बैठक, सम्मेलन, अध्ययन भ्रमण तथा तालिमहरूमा भाग लिएका छन् । त्यसैगरी बैंकसँग प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सम्बन्ध रहेका विभिन्न संघ/संस्थाहरूले स्वदेशमा सञ्चालन गरेका सेमिनार, गोष्ठी, तालिम आदि कार्यक्रमहरूमा बैंकका ४३१ जना कर्मचारीहरू सहभागी भएका छन् । यस अवधिमा बैंकका कर्मचारीहरूलाई स्वदेश तथा विदेशमा उच्च अध्ययन काज/विदा प्रदान गर्ने सिलसिलामा तेस्रो मुलुकमा उच्च अध्ययन गर्न ३ जनालाई अध्ययन विदा प्रदान गरिएको छ । हाल बैंकका ६ जना कर्मचारीहरू उच्च अध्ययनको लागि अध्ययन काज/विदा र निजी विदामा रहेका छन् ।

## विविध

१४१. भक्तपुरको ठिमीमा रहेको बैंकको जग्गामा टक्सार, बैंकिङ, अन्तर्राष्ट्रिय स्तरको ट्रेनिङ्ग सेन्टर, हेल्थ सेन्टर र गभर्नर तथा डेपुटी गभर्नर आवासगृह निर्माणका लागि गुरुयोजना (Master Plan) स्वीकृत भई नक्सा तथा डिजाइन र बोलपत्र कागजातहरू तयार गर्न परामर्शदाता नियुक्ति गर्ने प्रक्रियामा रहेको छ । थापाथलीमा बैंकका लागि आधुनिक भवन निर्माण गर्न गुरुयोजना स्वीकृत हुने क्रममा रहेको छ । बाँकेको कोहलपुरमा आवासीय तालिम केन्द्र र क्षेत्रीय नोटकोष रहने गरी भवनहरू निर्माण गर्न जग्गा खरिद गरिएको छ ।

१४२. बजेट नियन्त्रण प्रणालीलाई यथार्थपरक, मितव्ययी एवम् प्रभावकारी बनाउने सन्दर्भमा २२ बुँदे निर्देशन कार्यान्वयनमा ल्याइएको छ । चालू आर्थिक वर्षमा रु. १८ अर्ब ५१ करोड ६७ लाख आम्दानी हुने अनुमान गरिएको छ भने चालू खर्चतर्फ रु. ४ अर्ब ९५ करोड ४ लाख तथा पुँजीगत खर्चतर्फ रु. २ अर्ब ७१ करोड ५७ लाख गरी कुल रु. ७ अर्ब ६६ करोड ६१ लाख खर्च हुने अनुमान रहेको छ ।

१४३. आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन चालू आर्थिक वर्षको फागुन मसान्तसम्म बैंकिङ कार्यालय, मुद्रा व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभाग, सामान्य सेवा विभाग तथा उपत्यकाबाहिरका सबै कार्यालयहरूको जोखिममा आधारित नियमित लेखापरीक्षण गर्ने कार्य सम्पन्न भएको छ । कार्यसम्पादनमा आधारित लेखापरीक्षणलाई निरन्तरता दिँदै विकास बैंक सुपरिवेक्षण विभाग तथा वित्त कम्पनी सुपरिवेक्षण विभागमा नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावलीको कार्यान्वयन स्थिति, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग अन्तर्गत ग्रामीण स्वावलम्बन कोष, विदेशी विनिमय व्यवस्थापन विभागको लगानी व्यवस्था तथा पाचौं पारिवारिक बजेट सर्वेक्षण आयोजनाको कार्यसम्पादनमूलक लेखापरीक्षणसमेत सम्पन्न गरिएको छ ।

१४४. आन्तरिक लेखापरीक्षणको कार्यलाई प्रभावकारी बनाउन र बैंकको तथ्याङ्क प्रणालीसँग आबद्ध गर्ने क्रममा विभागभित्र General Ledger System बाट बैंकभित्रका दैनिक कारोबारहरूको नियमित अनुगमन गर्ने व्यवस्था गरिएको छ । साथै, चालू आर्थिक वर्षदेखि गैर-स्थलगत लेखापरीक्षण गर्ने कार्य प्रारम्भ गरी प्रत्येक त्रयमासमा सोको प्रतिवेदन तयार गर्ने गरिएको छ ।

१४५. यस बैंकबाट इजाजतपत्रप्राप्त केही बैंक तथा वित्तीय संस्थाहरू आर्थिक, गैर-आर्थिक तथा अन्य कारणहरूले गर्दा समस्याग्रस्त हुँदै गएकाले ती संस्थाहरूमा देखिएका समस्याहरूको समाधानको लागि उपयुक्त सुधारात्मक तथा उपचारात्मक विधि अवलम्बन गर्ने प्रक्रिया एकद्वार प्रणालीमार्फत अगाडि बढाउने उद्देश्यले समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा गठन भई सो महाशाखाबाट कार्य प्रारम्भ भएको छ ।

१४६. समस्याग्रस्त संस्थाहरूमध्ये १० वटा संस्थाबाट प्राप्त अपरिष्कृत विवरण बमोजिम २०७१ पुस मसान्तमा यी संस्थाहरूको कुल कर्जा रु. ८ अर्ब १० करोड ९१ लाख तथा कुल निक्षेप रु. ५ अर्ब ६८ करोड ७२ लाख रहेको देखिन्छ । कुल निक्षेपमध्ये व्यक्तिगत निक्षेप करिब रु. ९८ करोड ९८ लाख र संस्थागत निक्षेप रु. ४ अर्ब ६९ करोड ७४ लाख रहेको छ । उक्त संस्थाहरूको पुँजी पर्याप्तता २७ प्रतिशतले ऋणात्मक रहेको र करिब

९३ प्रतिशत निष्कृय कर्जा रहेको देखिन्छ । पछिल्लो अवधिमा समस्याग्रस्त घोषित दुई वटा संस्थाहरूको तथ्याङ्क अद्यावधिक हुने क्रममा छ ।

१४७. यस बैंकको आयोजनामा सिसन कार्यकारी समितिको तेह्रौं बैठक तथा सिसन सेन्टर र बी.आई.एस.को समेत संलग्नतामा Enhancing the Effectiveness of Central Banks विषयक उच्चस्तरीय सेमिनार २०७१ असोज २-३ मा सम्पन्न भएको छ । त्यसै गरी सार्क फाइनान्स कोअर्डिनेटर्सको बीसौं बैठक २०७१ भदौ १९-२० मा आयोजना गरिएको थियो । उक्त बैठकमा सार्क फाइनान्सका कोअर्डिनेटर र अल्टरनेट कोअर्डिनेटरको सहभागिता रहेको थियो ।

१४८. वित्तीय साक्षरता अभिवृद्धिका गतिविधिहरू मध्ये विभिन्न विद्यालयमा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम आयोजना गरिएको छ । नेपाल वेद विद्याश्रम, वनकाली, दिक्तेलस्थित सरस्वती माध्यमिक विद्यालय र दिक्तेल क्याम्पस, महेन्द्र राष्ट्रिय उच्च माध्यमिक विद्यालय, बालुवाटार, कान्तिपुर कलेज अफ मेनेजमेन्ट एन्ड टेक्नोलोजी, पुरानो वानेश्वर, इन्द्रेश्वर उच्च माध्यमिक विद्यालय र काभ्रे इङ्लिस माध्यमिक विद्यालय पनौतीमा विद्यार्थीसँग नेपाल राष्ट बैंक कार्यक्रम सञ्चालन गरिएको छ ।

१४९. मासिक रूपमा सञ्चालन भइरहेको ज्ञान आदान प्रदान कार्यक्रमलाई निरन्तरता दिइएको छ । यस अवधिमा १० वटा कार्यक्रम सम्पन्न भएका छन् । कार्यक्रममा बैंकका कर्मचारीका साथै स्वदेशी तथा विदेशी विज्ञहरूबाट वार्ता प्रस्तुत गरिएको थियो ।

**अन्त्यमा,**

१५०. विनाशकारी भूकम्पको कारण चालू आर्थिक वर्षको बाँकी अवधि तथा सोपछि पनि मुलुकको समष्टिगत आर्थिक स्थिति चुनौतीपूर्ण हुने देखिएको छ । यस प्रतिकूल परिस्थितिमा समेत वित्तीय क्षेत्रको स्थायित्व र मुलुकको आर्थिक विकासमा योगदान दिन नेपाल राष्ट्र बैंक कटिबद्ध रहने छ । यस कठीन परिस्थितिमा बैंकका सम्पूर्ण कर्मचारीहरुले जिम्मेवारी बोधका साथ बैंकको उद्देश्य प्राप्तिमा आ-आफ्नो स्थानबाट थप योगदान गर्नेछन् भन्ने मेरो विश्वास छ ।

१५१. अन्तर्राष्ट्रिय वित्तीय क्षेत्रमा केही वर्षयता घटेका घटनाहरूले पनि आन्तरिक र बाह्य स्थायित्वको सुनिश्चितताबाट मात्रै मूल्य वृद्धि, गरिबी र बेरोजगारी जस्ता समस्याहरूलाई सम्बोधन गर्न सकिने कुरा देखाएका छन् । राजनीतिक संक्रमणको अवस्थामा आर्थिक स्थायित्व अत्यन्त चुनौतीपूर्ण हुने र आर्थिक स्थायित्व कायम गर्न नियामक निकायको एकल प्रयासबाट मात्र सम्भव नहुने तथ्यलाई दृष्टिगत गर्दै नेपाल राष्ट्र बैंक सरोकारवाला सबै निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, सञ्चार जगत् र सर्वसाधारणलाई पनि सहयोगी भूमिका निर्वाह गर्न अनुरोध गर्दछ । उदार अर्थतन्त्रको मूल मर्मको रूपमा रहेको सामूहिक चेतना, स्व-नियमन र बजार अनुगमन जस्ता तत्वलाई हामी सबैले आत्मसात् गर्न सकेमा समष्टिगत आर्थिक स्थायित्वमार्फत् आर्थिक समृद्धिको मार्ग प्रशस्त गर्ने कार्य सहज हुने कुरामा नेपाल राष्ट्र बैंक विश्वस्त छ ।

१५२. यस बैंकका कामकारबाहीमा विभिन्न तवरले सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, निजी क्षेत्रका संघ-संस्थाहरू, प्रवुद्ध वर्ग, दातृ निकाय लगायतका अन्तर्राष्ट्रिय संघ-संस्थाहरू र जनसाधारणलाई यस अवसरमा म धन्यवाद ज्ञापन गर्दछु र आगामी दिनमा पनि सम्बद्ध सबैबाट बैंकलाई निरन्तर सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**

**१४ वैशाख, २०७२**